# स्थानीय राजपत्र


**याङवरक गाउँपालिकाद्वारा प्रकाशित**

**खण्ड ६)** **थर्पु, पाँचथर** **भदौ १४ गते, २०७९ साल** **(संख्या ५**


# भाग २

## याङवरक गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालयको सूचना

याङवरक गाउँ कार्यपालिकाको मिति २०७९/०५/१० को बैठकले पारित गरेको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ।

**संवत २०७९ सालको कार्यविधि संख्या-३**

## प्याज उत्पादनमा युवा लक्षित कार्यक्रम सञ्चालन कार्यविधि, २०७९

**प्रस्तावना: -** यस याङवरक गाउँपालिकामा युवाहरु मार्फत प्याज खेतीको व्यवसायीकरण, यसको उत्पादकत्व तथा उत्पादन वृद्धि गरी आन्तरिक माग पुर्ति गर्दै आयात प्रतिस्थापन तथा निर्यात प्रवर्दनका लागि यसको खेतीमा उच्चतम प्रविधि प्रयोग र व्यापक क्षेत्र विस्तार गर्न सघन रुपमा कार्यक्रम संचालन गर्नु पर्ने आवश्यकता महसुस गरी याङवरक गाउँपालिकाको कृषि क्षेत्रको प्राथमिकतामा पर्ने "प्याज उत्पादनमा युवा लक्षित कार्यक्रम" लाई पारदर्शी, जवाफदेही, व्यवस्थित र प्रभावकारी ढंगले संचालन गर्न वाञ्छनिय भएकाले,

याङवरक गाउँपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन २०७५ को दफा (४) बमोजिम गाउँ कार्यपालिकाले यो कार्यविधि तर्जुमा गरेको छ।

## परिच्छेद - १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः -** (१) यस कार्यविधिको नाम " प्याज उत्पादनमा युवा लक्षित कार्यक्रम सञ्चालन कार्यविधि-२०७९" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

**२. परिभाषा :-** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

(क) " गाउँपालिका" भन्नाले याङवरक गाउँपालिका पाँचथरलाई सम्झनु पर्दछ।

(ख) "कार्यपालिका" भन्नाले याङवरक गाउँ कार्यपालिका पाँचथरलाई सम्झनु पर्दछ।

(ग) “अनुदान” भन्नाले याङवरक गाउँपालिकाको विनियोजित बजेट अनुसारको स्विकृत प्याज उत्पादनमा युवा लक्षित कार्यक्रम अन्तर्गत प्याज उत्पादन, प्रशोधन, आधुनिकीकरण र व्यवसायीकरणका लागि याङवरक गाउँपालिका भित्र वसोवास गर्ने युवा उद्यमी कृषकहरु लाई प्रदान गरिने वित्तीय सहुलियत लाई सम्झनु पर्दछ।

(घ) "लक्षित समुह भन्नाले" याङवरक गाउँपालिका १ - ६ नं. वडा भित्र वसोवास गर्ने २० बर्ष पूरा भई ४० बर्ष ननाघेको महिला तथा पुरुषहरु लाई सम्झनु पर्दछ।

(ङ) "लाभग्राही" भन्नाले लक्षित समुहमा परेका युवा कृषि उद्यमीहरुलाई सम्झनु पर्दछ।

(च) "अनुगमन तथा सिफारिस समिति" भन्नाले दफा (५) को उपदफा (१) बमोजिमको समिति लाई सम्झनु पर्दछ।

(छ) "छनौट समिति" भन्नाले दफा (६) को उपदफा (१) बमोजिमको समिति लाई सम्झनु पर्दछ।

## परिच्छेद - २
## कार्यक्रमको उद्देश्य तथा लाभग्राही छनौट प्रकृया

**३. कार्यक्रमको उद्देश्य :** प्याज उत्पादनमा युवा लक्षित कार्यक्रमको उद्देश्यहरु देहाय बमोजिम रहने छन्।

(१) निर्वाहमुखी रुपमा खेति हुँदै आएको प्याजको उत्पादन र उत्पादकत्व वृद्धि गर्ने।

(२) प्याज खेति लाई व्यवसायिकता र बजारमुखी बनाउने।

(३) वेरोजगार युवा, विदेश गई फर्केका युवा तथा उद्यमीहरुलाई प्याज खेतिमा आकर्षित गराई स्थानीय स्तरमा रोजगारीको सिर्जना गर्ने।

(४) आयात प्रतिस्थापन गर्दै निर्यात प्रवर्दन गर्ने।

**४. अनुदानको सूचना र लाभग्राहीको छनौट:-** (१) अनुदान सम्बन्धी कार्यक्रम संचालन गर्न याङवरक गाउँपालिकाले वार्षिक स्विकृत कार्यक्रम अनुसार सार्वजनिक रुपमा अधिकतम लक्षित समूहहरु सम्म सूचनाको पहुँच पुग्ने गरी आवेदन मागको लागि १५ दिनको सूचना

अनुसूची (१) बमोजिमको ढाँचामा सूचना प्रकाशन गर्नु पर्नेछ । यो सूचना प्रकाशन सम्बन्धि कार्य प्रत्येक बर्षको भाद्र महिना भित्र गरीसक्नु पर्नेछ ।

(२) यस कार्यक्रमको अनुदान मागका लागि अनुसुची (२) बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम प्राप्त आवेदन छानबिन गरी छनौटका लागि छनौट समितिमा पठाउनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम छनौट समितिले गरेको निर्णय अनुसार प्रमुख प्रशासकीय अधिकृतबाट कार्यक्रम कार्यान्वयन हुनेछ ।

(५) यस कार्यक्रमको प्रस्तावना अनुसुची (३) बमोजिमको ढाँचामा तयार गरी निवेदन साथ पेश गर्नु पर्नेछ ।

**५. अनुगमन तथा सिफारिस समिति :** (१) यस कार्यविधि अनुसार अनुदान प्रवाहको प्रक्रिया सहजीकरण गर्नको लागि देहाय बमोजिमको अनुगमन तथा सिफारिस समिति रहनेछ ।

(क) संयोजक : गाउँपालिका उपाध्यक्ष

(ख) सदस्य : प्रमुख प्रशासकीय अधिकृत

(ग) सदस्य सचिव : कृषि विकास ईकाइ प्रमुख

(२) अनुगमन तथा सिफारिस समितिको काम कर्तव्य र अधिकार ।

क. आएका आवेदनहरु उपर स्थलगत अनुगमन गर्ने ।

ख. अनुसूची (४) बमोजिमका आधारमा स्थलगत अनुगमन गरी अंक प्रदान गरी छनौट समितिमा सिफारिस गर्ने ।

ग. कार्यक्रमको नियमित अनुगमन गर्ने ।

घ. अनुदान रकम भुक्तानी सिफारिस गर्ने ।

**६. छनौट समिति :** (१) यस कार्यविधि अनुसार अनुदान प्रवाहको प्रक्रिया सहजीकरण तथा लाभग्राही छनौट गर्नको लागि देहाय बमोजिमको छनौट समिति रहनेछ ।

संयोजक: आर्थिक विकास समिति संयोजक

सदस्य : आर्थिक विकास समिति सदस्य

सदस्य : आर्थिक विकास समिति सदस्य

सदस्य सचिव **:** कृषि विकास ईकाइ प्रमुख

नोट : आमन्त्रित सदस्य बढीमा दुई (२) जना रहनेछन् ।

(२) यस कार्यविधि अनुसार छनौट समितिले अनुसुची (५) बमोजिमको आधारमा लाभग्राही छनौट गर्नेछ ।

## परिच्छेद - ३
## कार्यक्रम सम्बन्धी क्रियाकलाप, अनुदान सम्बन्धी व्यवस्था

७. **कार्यक्रममा समावेश गरिने क्रियाकलापहरु:** यस कार्यक्रममा याङवरक गाउँपालिका बाट उपलब्ध गराईने अनुदान रकम बाट बिउ, मल, बिषादी, उत्पादन/सिंचाई सामाग्री साथै उत्पादनोपरान्त आवश्यक सामाग्रीहरु खरिद गरी कार्यक्रम संचालन गर्न सकिनेछ।

८. **अनुदान रकमको सीमा:** यस कार्यक्रम संचालनका लागि याङवरक गाउँपालिका बाट उपलब्ध गराइने अनुदान रकम कूल लागतको ७० प्रतिशत भन्दा बढि हुने छैन।

९. **अनुदान रकमको निर्धारण:** यस कार्यविधि अनुसार छनौट समितिको सिफारिसमा लाभग्राहीलाई उपलब्ध गराइने अनुदान रकम निर्धारण हुनेछ।

१०. **लाभग्राहीसँग सम्झौता गर्नु पर्ने :** यस कार्यविधि बमोजिम छनौट समिति बाट लाभग्राही छनौट र अनुदान रकम निर्धारण भईसके पश्चात अनुसूची (६) बमोजिमको ढाँचामा लाभग्राही संग सम्झौता गर्नुपर्नेछ।

११. **खरिद प्रक्रिया :** यस कार्यविधि बमोजिम लाभग्राहीहरु छनौट भईसके पश्चात सम्झौता अनुसारको सम्पूर्ण बिउ-बिजन लगायत अन्य सामाग्री सार्वजनिक खरिद ऐन र नियमावलीमा भएको व्यवस्था अनुसार गाउँपालिका स्वयंले खरिद गरी लाभग्राही लाई एक कार्यक्रम आयोजना गरी हस्तान्तरण गर्नुपर्नेछ।

१२. **अनुदान भुक्तानी प्रक्रिया :** (१) लाभग्राहीले सम्झौता अनुसार कार्य सम्पन्न गरे पश्चात अनुगमन तथा सिफारिस समितिको सिफारिसको आधारमा अनुदान रकम एकमुष्ट भुक्तानी गरिने छ।

(२) सम्झौता अनुसारको कार्य सम्पन्न नगरेमा अनुगमन तथा सिफारिस समितिले मुल्याङ्कन गरी सिफारिस गरेको रकम मात्र भुक्तानी गरिनेछ । साथै त्यस्तो लाभग्राहीलाई पुन : यो कार्यक्रमबाट अनुदान उपलब्ध गराईने छैन।

## परिच्छेद - ४
## विविध

१३. **असुल उपर गर्नु पर्ने : (**१) याङवरक गाउँपालिकाले यस कार्यविधि बमोजिम प्रवाह भएको अनुदान रकम लाभग्राहीले हिनामिना गरेको पाईएमा याङवरक गाउँपालिकाले सम्बन्धित पक्षबाट सरकारी बाँकी सरह प्रचलित कानून बमोजिम असुल उपर गर्नेछ।

१४. **दोहोरो सुविधा लिन नपाउने :** लाभग्राहीले एकै प्रकृतिको कामको लागि एक भन्दा बढी निकायबाट अनुदान प्राप्त गर्न सक्ने छैन । एकै प्रकृतिको कामको लागि एक भन्दा बढी निकायबाट अनुदान प्राप्त गरेको देखिएमा ३ बर्ष सम्म उही प्रकृतिका र अन्य अनुदान समेतप्रदान गरिने छैन।

(२) यस कार्यक्रमबाट अनुदान प्राप्त गर्ने लाभग्राहीलाई एउटै आ.व. मा गाउँपालिकाबाट अर्को कार्यक्रमको अनुदान उपलब्ध गराईने छैन।

**१५. लाभग्राही जिम्मेवार हुने :** कुनै विशेष कारणवश वा काबू बाहिरको परिस्थिति परी सम्झौता अनुरुप तोकिएको समयसिमा भित्र कार्य सम्पन्न हुन नसकी अनुदान रद्द भएमा वा अनुदानको रकम पूरा भुक्तानी नभएमा लाभग्राही स्वमं जिम्मेवार हुनेछ।

**१६. प्रचलित कानून बमोजिम हुने :** प्रचलित कानूनको सर्वमान्य सिद्धान्तको प्रतिकुल नहुने गरी यस कार्यविधिमा उल्लेख भएका कुराको हकमा यसै कार्यविधि बमोजिम र अन्य कुराको हकमा प्रचलित कानून बमोजिम हुनेछ।

**१७. बाधा अड्काउ फुकाउने अधिकार:-** यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्काउ परेमा गाउँ कार्यपालिकाको बैठकले सहजिकरण गर्नेछ।

**१८. परिमार्जन तथा संशोधन :** यो कार्यविधिलाई आवश्यकता अनुसार गाउँ कार्यपालिकाले परिमार्जन तथा संशोधन गर्न सक्नेछ।

अनुसुची १

दफा ४ को उपदफा १ सँग सम्बन्धित

**सूचनाको ढाँचा**

**याङवरक गाउँपालिका**

# गाउँ कार्यपालिकाको कार्यालय

**(आर्थिक विकास शाखा)**

**कृषि ईकाइ**

**थर्पु,पाँचथर**

**१ नं. प्रदेश, नेपाल**

**सूचना नं : ...-....../....... कृषि शाखा** **मिति :**

**विषय : सूचना प्रकाशन सम्बन्धमा ।**

प्रस्तुत विषयमा, यस याङवरक गाउँपालिका आर्थिक विकास शाखा कृषि ईकाइको आ.व. ........./...... को स्विकृत बार्षिक कार्यक्रम अनुसार प्याज उत्पादनमा युवा लक्षित कार्यक्रम (७० प्रतिशत अनुदान) संचालन गरिने भएको हुँदा यस याङवरक गाउँपालिका भित्र वसोवास गर्ने युवा कृषकहरुमा यस सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र कार्यालय समयमा आ-आफ्नो वडा कार्यालयमा माग निवेदन दिनुहुनका लागि सम्बन्धित सवैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| क्र.स. | कार्यक्रमको नाम | वजेट | संचालन हुने वडा | कैफियत |
|---|---|---|---|---|
| १ | प्याज उत्पादनमा युवा लक्षित कार्यक्रम | रु............ ।- | १-६ | |

...................

प्रमुख प्रशासकीय अधिकृत

**आवस्यक कागजातहरु :**

१. नागरिकताको प्रतिलिपि
२. जग्गा धनिपुर्जा प्रमाण पत्रको प्रतिलिपि
३. करारमा जग्गा भए कम्तिमा १० बर्षको करार सम्झौता पत्र
४. वडा कार्यालयको सिफारिस
५. अनुसुची २ बमोजिमको ढाँचामा निवेदन
६. कार्यक्रम संचालन सम्बन्धि अनुसूची ३ बमोजिमको प्रस्तावना
७. गाउँपालिकालाई बुझाउनुपर्ने राजश्व बुझाएको रसिद

अनुसुची २

दफा ४ को उपदफा २ सँग सम्बन्धित

**कार्यक्रम माग निवेदनको ढाँचा**

मिति : ......../...../.....

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यु,
याङवरक गाँउपालिका, थर्पु पाँचथर।

**विषय : प्याज उत्पादन कार्यक्रममा समावेश गरिदिनु हुन।**

महोदय,

प्रस्तुत विषयमा, याङवरक गाँउपालिकाको मिति : ........./.../...... गते प्रकाशित सूचना अनुसार ७० प्रतिशत अनुदान सहयोगमा प्याज उत्पादनमा युवा लक्षित कार्यक्रम संचालनको लागि यो निवेदन पेश गरेको छु। आफ्नो तर्फबाट ब्यहोर्नु पर्ने लागत साझेदारी गर्न प्रतिबद्द रहेको छु।

**संलग्न कागजातहरु :**

१. नागरिकताको प्रतिलिपि
२. जग्गा धनिपुर्जा प्रमाण पत्रको प्रतिलिपि
३. च.नं. ........... मिति ..........................को वडा कार्यालयको सिफारिस
४. कार्यक्रम संचालन सम्बन्धि कार्ययोजना
५. गाउँपालिकालाई बुझाउनुपर्ने राजश्व बुझाएको रसिदको प्रतिलिपि

**निवेदक**
नाम :
ठेगाना :
सम्पर्क नं. :
दस्तखत :

अनुसुची ३
दफा ४ को उपदफा ५ सँग सम्बन्धित

**प्रस्तावना सम्बन्धि ढाँचा**

निवेदकको नाम :
कार्यक्रमको नाम :
ठेगाना :
सम्पर्क नं. :
कृषिमा निर्भर परिवार संख्या :
जग्गाको विवरण :

| क्र.स. | साविक गा.वि.स. (जग्गाधनि प्रमाणपुर्जा अनुसार) | नक्शा नं. | कि.न. | क्षेत्रफल (रोपनी-आना – पैसा -दाम) |
|---|---|---|---|---|
| | | | | |

(जग्गा लिजमा लिएको भए कम्तिमा १० वर्षको करार सम्झौता )
कृषि सँग सम्बन्धिन कुनै तालिम लिएको भए।

| क्र.सं. | तालिमको नाम | तालिम दिने निकाय | तालिम अवधि | तालिमबाट भएका मुख्य उपलब्धी |
|---|---|---|---|---|
| | | | | |

कृषि सँग सम्बन्धित कुनै सरकारी / गैरसरकारी अनुदान लिएको भए।

| के प्रयोजनको लागि अनुदान लिएको | अनुदान दिने निकाय | अनुदान रकम | उक्त अनुदानबाट गरिएका मुख्य कार्यहरु |
|---|---|---|---|
| | | | |

कार्ययोजना :

| क्र.स. | क्रियाकलाप | प्र.ए.मूल्य | जम्मा रकम | अनुदान रकम | स्व : लगानी | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | जम्मा | | | | | |

कार्यक्रम कार्यान्वय गर्ने प्रतिवद्धता :
साझेदारी गर्ने प्रतिवद्धता :

पेश गर्ने
नाम, थर :
ठेगाना:
ना.प्र.नं.

अनुसुची ४

दफा ५ को उपदफा २ को (ख) सँग सम्बन्धित

**अंकभार सम्बन्धि ढाँचा**

टोली प्रमुखको नाम :

अनुगमन गरेको मिति :

स्थान :

निवेदकको नाम :

| क्र.स. | मूल्याङकनका आधारहरु | मूल्याङकन | | | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|---|---|
| | | सामान्य | उत्तम | अतिउत्तम | | |
| १ | भौगोलिक र वातावरणीय उपयुक्तता | २ | ५ | ७ | | |
| २ | प्रस्तावित कार्यक्रम अनुसारको बाली वस्तुको खेति गर्दै आए/ नआएको | २ | ५ | ७ | | |
| ३ | यातायात सिंचाई र बिजुलीको पहुँच | २ | ४ | ६ | | |
| | जम्मा | | | | | |

अनुगमन/मूल्याङकन कर्ताको दस्तखत :

| क्र.स. | नाम | पद | दस्तखत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |

मिति :

अनुसुची ५
दफा ६ को उपदफा २ को सँग सम्बन्धित

**लाभग्राही छनौटका आधारहरु**

लाभग्राही छनौट वैठक संख्या :

| क्र.स. | मूल्याङकनका आधारहरु | मूल्याङकन | | | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|---|---|
| | | सामान्य | उत्तम | अति उत्तम | | |
| १ | आवश्यक कागजात पूरा भएको/नभएको | ५ | १० | १५ | | |
| २ | दिर्घकालिन सोच राखेर प्रस्तावना तयार गरे/नगरेको | ५ | १० | १५ | | |
| | जम्मा | | | | | |

छनौट समितिका पदाधिकारीहरुको दस्तखत :

| क्र.स. | नाम | पद | दस्तखत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |

मिति :

अनुसुची ६

दफा १० सँग सम्बन्धित

लाभग्राही सँग सम्झौताको ढाँचा

**सम्झौता**

याङवरक गाउँपालिकाको "प्याज उत्पादनमा युवा लक्षित कार्यक्रम संचालन कार्यविधि २०७९" बमोजिम गठित छनौट समितिको मिति: ............. गतेको निर्णय बमोजिम प्याज उत्पादन कार्यक्रमको लाभग्राहीमा छनौट भएको श्री ............... (यसपछी दोस्रो पक्ष भनिनेछ) र कार्यक्रम कार्यान्वयन इकाइ याङवरक गाउँपालिका (यसपछी प्रथम पक्ष भनिनेछ) बिच देहाय बमोजिमको शर्त पालना गर्ने गरी यो सम्झौता पत्रमा हस्ताक्षर गरी एक/एक प्रति बुझि लियौँ/दियौँ।

१. यो सम्झौता दुवै पक्ष बाट हस्ताक्षर भएको मिति देखि लागु हुनेछ।

२. दोस्रो पक्षले यस कार्यक्रम संचालनका लागि गरिएको सम्झौता र लागत ईस्टीमेट सँग सम्बन्धित सबै क्रियाकलापहरुमा लाभग्राहीले ब्याहोर्नु पर्ने रकम/स्व:लगानी (प्याज उत्पादनमा युवा लक्षित कार्यक्रम संचालन कार्यविधि २०७९ ले तोकेको प्रतिशतमा) नगदै वा अन्य किसिमले लागत साझेदारी सुनिश्चित गर्नु पर्नेछ।

३. दोस्रो पक्षले परियोजना संचालन गर्दा कार्यालयले दिएको निर्देशन अनुसार गर्नु पर्नेछ।

४. यो कार्यक्रम लाभग्राही आफैले संचालन नगरी अरु कुनै पनि दोस्रो पक्ष लाई हस्तान्तरण गर्न पाईने छैन, यदि सो कार्य गरेमा अनुदान रद्द हुनेछ।

५. यस कार्यक्रमको अनुदान रकम कार्यसम्पन्न गरीसके पश्चात अनुगमन तथा सिफारिस समितिको अन्तिम अनुगमन प्रतिवेदन पेश भए पछि एकमुष्ट हुनेछ।

६. यो कार्य सम्झौता भएको मिति : ....../....../.... देखि ......../...../...... भित्र सम्झौता/ईस्टीमेट बमोजिमको सम्पूर्ण कार्य सम्पन्न गरी भुक्तानीको लागि कार्यालयमा आउनु पर्नेछ, अन्यथा दोस्रो पक्ष स्वयं जिम्मेवार हुनेछ।

७. यो सम्झौतामा उल्लेख भएका कुराहरु " प्याज उत्पादनमा युवा लक्षित कार्यक्रम संचालन कार्यविधि २०७९" बमोजिम र अन्य कुराहरु प्रचलित ऐन नियम अनुसार हुनेछ तथा ईस्टीमेट र कार्य विवरण अनुसार कार्य नगरेको खण्डमा सम्झौता रद्द गरी कानूनी कार्वाही अगाडी बढाईने छ।

८. कार्यक्रम संचालनको क्रममा कुनै पनि किसिमको दैवीक प्रकोप बाट क्षति हुन आएमा दोस्रो पक्ष आफैले जोखिम बहन गर्नु पर्नेछ।

| **प्रथम पक्ष** | दोस्रो पक्ष |
|---|---|
| प्र.प.अ.: | नाम : |
| पद : | ठेगाना : |
| दस्तखत : | दस्तखत : |
| मिति : | मिति : |
| कार्यालयको छाप : | |

**प्रमाणीकरण मिति: २०७९/०५/१० गते**

आज्ञाले
सुमन लिङदेन (लिम्बु)
प्रमुख प्रशासकीय अधिकृत